नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १५८ | २०७९ साल माघ ७ गते शनिबार (21 Jan. 2023 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सडक विभागले अब स्थानीय तह... ३ पृष्ठमा : उखुको समर्थन मूल्य... ३ पृष्ठमा : वायु प्रदूषणबाट इरानमा...

# नगरको विकासका लागि मास्टर प्लान आवश्यक : प्रदेशसभा सदस्य यादव



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

मधेश प्रदेशसभा सदस्य तथा जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता महेश प्रसाद यादवले राजविराज नगरपालिकाको विकासका लागि एउटा मास्टर प्लानको आवश्यकता रहेको बताएका छन् ।

शुक्रबार राजविराज नगरपालिकामा आयोजित एक कार्यक्रमको प्रमुख अतिथिको आसन्नबाट बोल्दै प्रदेशसभा सदस्य यादवले यस्तो बताएका हुन् । उनले नगर क्षेत्र भित्र रहेका समस्याहरुको पहिचान गरि त्यसको उचित समाधानका लागि नगरपालिकाका जनप्रतिनिधिहरुलाई आग्रह समेत गरे ।

उनले शिक्षा, स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरुप्रती आफू गम्भिर रहेकोले त्यसका लागि प्रदेश स्तरबाट हुने सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए ।

"म यसै क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य रहेको नाताले यस पालिकाको विकासका लागि हरसम्भव प्रयत्नरत रहने छु ।" उनले भने, "बिकासिय कार्य तथा योजनाहरु सानो सानो रुपमा हरेक वडा स्तरबाट संचालन भइरहेकोले नगर क्षेत्रलाइ सौन्दर्यकरण गर्न र सम्पुर्ण वडालाई एक साथ बिकासको बाटोतर्फ डोऱ्याउन एउटा मास्टर प्लानको तहत बृहत् योजना बनाइ अगाडि बढाउनु पर्छ ।"

सप्तरी क्षेत्र नं. २ को २ बाट निर्वाचित प्रदेशसभा सदस्य यादवले यस्ता बृहत मास्टर प्लानका लागि आफ्नो पनि सहयोग रहने र जसरी भए पनि नगरपालिका क्षेत्र भित्र लागू गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उक्त कार्यक्रममा नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविन, योजना शाखा प्रमुख तथा १६ वटै वडाका अध्यक्षहरुको उपस्थिती रहेको थियो ।

# आगोमा नगद ५४ हजारसहित ९ लाख ५० हजार मुल्य बराबरको धनमाल जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीको तिरहुत गाउँपालिकामा शुक्रबार दिउँसो आगलागि हुँदा नगद ५४ हजारसहित ९ लाख ५० हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

सो गाउँपालिका वडा नं. ४ डिमन टोल निवासी गुगली भनिने हरेराम यादवको गाईगोठ छेउमा राखेको खरानीको डिस्कोबाट सल्केको आगोले छिमेकी तेज नारायण यादव र ओम नारायण यादवको घर समेत जल्दा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आगोमा हरेराम यादवको गाईगोठ भित्र रहेका एक बाख्रा, २ खसी, दुई भैंसीको पारी जलेर मरेको रतथा एउटा भैंसी आगोले जलेर घाइते हुँदा एक लाख ५० बराबरको क्षति भएको छ ।

त्यस्तै छिमेकी तेज नारायण यादवको जस्ताको छानो भएको घरमा आगलागि हुँदा खाद्यान्न, फर्निचर, मोबाइल, टिभि, गरगहना तथा अन्य सामानहरु जलेर नष्ट हुँदा चार लाख मुल्य बराबरको तथा ओमनारायण यादवको घरमा रहेको ५४ हजार नगद, खाद्यान्न, भाडावर्तन, लुगाफाटा, फर्निचर लगायत आगोमा जलेर नष्ट हुँदा चार लाख मुल्य बराबरको क्षति भएको छ ।

झण्डै दुई घण्टाको प्रयास पछि कंचनरुप नगरपालिका, राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानिय बासीहरुको सहयोगमा आगोलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा बिहीबार राती मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ ।

उक्त नगरपालिका वडा नं.

***बाँकी अन्तिम पृष्ठमा***

# पालिका प्रमुख, उपप्रमुख तथा काका अधिकृत कार्यालय नआउँदा सेवाग्राही बञ्चित




**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीको महादेवा गाउँपालिकामा सेवाग्राहीले पालिकावाट पाउनु पर्ने सेवाबाट बञ्चित हुनु परेको छ ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलिप कुमार यादव हप्तौं दिनदेखि कार्यालयमा उपस्थित नभएपछि सेवाग्रहीहरु सेवा पाउनबाट बञ्चित हुनुपरेको हो ।

काम विशेषले आउने सेवाग्राही रितो हात फर्किने गरेका छन् । उनी कार्यालय कहिले आउने बारे कसैलाई जानकारी छैन ।

यता गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डल र उपाध्यक्ष अर्चना कुमारी यादव समेत पालिकामा नियमित नआउँदा सेवाग्राही झनै मारमा परेका छन् । स्थानिय निर्वाचन भएको ८ महिना वितिसक्दा पनि यस पालिकामा विकाशीय कार्यले अझैं गति लिन सकेको छैन् ।

नेकपा (माओवादी केन्द्र) बाट अध्यक्ष पदका उम्मेदवार तथा नेता दिपेन्द्र माझीले अपाङ्ग, गरिब, असहायलगायतलाई चिसोबाट जोगाउन न्यानो लुगा वितरण नगरेको, किसानलाई समयमा मलखाद उपलब्ध नगराएको, संघिय सरकारबाट पहल गरी २ करोडको बिधुतीकरणको काम हालसम्म सञ्चालन नगरेको आरोप लगाएका छन् ।

यसैबीच गाउँपालिका अध्यक्ष मण्डलले विकाशीय योजनाका लागी वडाध्यक्षहरुलाई कार्यादेशको लागी पत्राचार गरिसकेकोमा उनीहरुबाटै मागं

***बाँकी अन्तिम पृष्ठमा***

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

### सहिदलाई सम्पूर्ण राष्ट्रले सम्झनु पर्छ

मेधशका सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न विगत १५ वर्षदेखी बलिदानी दिवस मनाउँदै आइएको छ । प्रत्येक वर्ष माघ ५ गते मनाइने यस दिवसमा मधेश प्रदेश सरकारले आफ्नो वार्षिक क्यालेन्डरमा सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिसकेको छ । तर, यस वर्ष भने मधेश प्रदेश सरकारले कुनै औपचारिक कार्यक्रम समेत गर्न भ्याएन् । बलिदानी दिवसको अवसरमा सिरहाको लहानस्थित गोल चौकमा सहिदहरुलाई सम्झिने गरिन्छ । यस वर्षपनि प्रदेश सरकारमा रहेका केही दलहरुका प्रदेशसभा सदस्यहरुले फुलमाला लगाई औपचारिक्ता पुरा गरेका छन् ।

यस पटक मधेश प्रदेश सरकारले बलिदानी दिवसमा कुनै कार्यक्रम नगरे पनि प्रतिनिधिसभा सदस्य एवं जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने संघीय संसदमा एक मिनेट मौनधारण गरेर सहिदहरुलाई सम्झे । आजसम्म कुनै पनि मधेश केन्द्रित दलले संघीय संसदमा बलिदानी दिवसको अवसरमा श्रद्धाञ्जली दिन नभ्याएकोमा उनले सहिदहरुको सम्मानमा आफूसहित केही संघीय सांसदलाई समेत श्रद्धाञ्जली दिन बाध्य पारे । उनको यस्तो कार्यप्रति मधेश केन्द्रित दलका नेताहरुबाटै प्रशंसा भइरहेको छ । विगत १५ वर्षदेखी संघीय संसदमा बलिदानी दिवस बारे कसैले नबोलेकोमा डा. राउतले श्रद्धाञ्जली व्यक्त गर्दै मधेशका सहिदहरुबारे सम्पूर्ण राष्ट्रले पनि श्रद्धाञ्जली दिएर सम्मान दिनुपर्ने माग समेत गरे । उनले मधेशका सहिदहरु मधेशका मात्र नभएर सम्पूर्ण राष्ट्रकै सहिदको दर्जा पाउनु पर्ने माग समेत गरे ।

सहिद भनेको कुनै एउटा समुदाय, क्षेत्र वा स्थानको नभएर सम्पूर्ण राष्ट्रका लागि ज्यानको आहुती दिने व्यक्तित्व हुन् । तसर्थ उनीहरुको बलिदानीलाई सम्पूर्ण राष्ट्रका जनताले सम्झनुपर्दछ अनिमात्र सहिदको सपना साकार हुने कुरामा दुईमत नहोला ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सडक विभागले अब स्थानीय तह अन्तर्गतका पुल निर्माण नगर्ने

काठमाडौँ, ६ माघ (रासस) ।

सडक विभागले आफूलाई राष्ट्रिय राजमार्गमा पर्ने पुल निर्माणमा केन्द्रित गर्ने गरी स्थानीय तह अन्तर्गतका पुल निर्माण नगर्ने तयारी गरेको छ । स्थानीय तह अन्तर्गतका पुल हस्तान्तरण तथा बजेट लगायतमा समस्या आएको भन्दै विभागले अब राष्ट्रिय राजमार्गका पुल निर्माणमा मात्रै केन्द्रित हुने तयारी गरेको हो ।

विभागका प्रवक्ता भीमार्जुन अधिकारीले स्थानीय सडकका पुलको ठेक्का हस्तान्तरण तथा पर्याप्त बजेट नहुने भएपछि आगामी आर्थिक वर्षदेखि स्थानीय तह अन्तर्गतका नयाँ पुल निर्माणको काम नगर्ने गरी छलफल अघि बढेको बताउनुभयो ।

नम¶ "अगामी आर्थिक वर्षदेखि स्थानीय तह अन्तर्गतका पुल निर्माणको काम विभागले नगर्ने गरी छलफल गरी बढेको छ, बजेट पनि सोहीअनुसार बिनियोजन हुन्छ", उहाँले भन्नुभयो, "अब स्थानीय सडकमा पर्ने पुल स्थानीय तह, प्रदेश वा स्थानीय पूर्वाधार विभागले गर्नेछन् ।"

सडक विभागमा राष्ट्रिय राजमार्गमा पर्ने पुल निर्माणको जिम्मेवारी भए पनि अहिले स्थानीय तहका पुल निर्माण पनि विभाग अन्तर्गत भइरहेको उहाँको भनाइ छ । विभाग मातहतमा हाल मुलुकभर एक हजार दुई सयको हाराहारीमा पुल निर्माणधिन अवस्थामा छन् । जसमध्ये झन्डै नौ सय पुल स्थानीय सरकार अन्तर्गतका हुन् । एकै पटक धेरै पुल निर्माणको जिम्मेवारी हुँदा विभागले अपेक्षाकृत रूपमा काम गर्न नसकेको उहाँको भनाइ छ । जनशक्तिलगायत स्रोत तथा साधन सीमित हुँदा समयमै पुल निर्माण नहुने अवस्था देखिएको विभागको भनाइ छ ।

विभागले ठूला र जटिल सडक तथा पुल निर्माण गर्नुपर्नेमा स्थानीय सडकका स-साना पुल निर्माणमै लाग्नुपरेको सडक विभागका पुल महाशाखामा कार्यरत इञ्जिनियर कमलकुमार बस्नेतको भनाइ छ । विभागले रणनीतिक पुल निर्माणमा मात्रै केन्द्रित हुने उद्देश्यले गत वर्षदेखि स्थानीय पुल हस्तान्तरण गर्न खोजे पनि नसकिएको उहाँको भनाइ छ ।

"सडक विभागमा निर्माण गर्नुपर्ने पुलको सङ्ख्या बढ्दै जाँदा बोझ थपिएको छ", उहाँले भन्नुभयो, "नयाँ स्थानीय पुल अन्य निकायमार्फत् निर्माण गर्ने गरी छलफल भइरहेको छ ।" उहाँका अनुसार आगामी आवको बजेटमा सहरी विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार महाशाखाले निर्माण गर्ने गरी छलफल भइरहेको हो । हाल स्थानीय पूर्वाधार विभागले झोलुङ्गे पुललगायत स्थानीय स्तरमा आवश्यक पूर्वाधार निर्माण गरिरहेको छ ।

विभागसँग ठूलो सङ्ख्यामा निर्माणाधीन पुल भए पनि बजेट भने निकै कम विनियोजन हुने गरेको शाखाको गुनासो छ । निर्माणाधीन पुलमध्ये दसौँ वर्ष पुरानो ठेक्का रहेका पुल पनि छन् । उहाँले रू पाँच/दश करोड लागत लाग्ने पुलमा एउटा आर्थिक वर्षमा रू ५० लाख मात्रै बजेट बिनियोजन हुँदा काम गर्न समस्या भएको बताउनुभयो ।

"झन्डै एक सय वटा पुल निर्माणमा बजेटको समस्या छ, पर्याप्त बजेट नहुँदा समयमै काम गर्न गाह्रो हुन्छ", उहाँले भन्नुभयो, "बर्सेनि रकम छुट्याए जस्तो देखिए पनि बजेट अभावमा काम पूरा हुन सकेको छैन ।"

विभागका अनुसार प्रत्येक वर्ष औसतमा करिब चारदेखि पाँच हजार वटा पुल निर्माणको माग हुन्छ । खासगरी जनप्रतिनिधिहरूबाट पुलको माग बढी आउने गरेको उहाँको अनुभव छ । विभागका अनुसार झण्डै एक सय पुलको डिजाइन हुने क्रममा छन् । त्यस्तै एक सय ६० पुल भने निर्माण कम्पनी आफैँले निर्माण गर्ने गरी 'डिजाइन एण्ड बिल्ड'मार्फत् अघि बढाइएको इञ्जिनियर बस्नेतले बताउनुभयो ।

विभागले खासगरी एक सय मिटरभन्दा लामो पुलहरू 'डिजाइन एन्ड बिल्ड' प्रक्रियामार्फत् अघि बढाइरहेको बस्नेतले जानकारी दिनुभयो । यस्ता ठेक्कामा निर्माण कम्पनीले पहिलो छ महिनामा डिजाइन गरेर त्यसपछि काम सुरु हुने गरेको छ । यो प्रक्रियामार्फत् काम गर्दा बढी प्रभावकारी हुने देखिएको उहाँले बताउनुभयो । यसमा 'क' वर्गको निर्माण व्यवसायीले आफैँ लगानी गरेर काम गर्ने गर्छन् ।

विभागका प्रवक्ता भीमार्जुन अधिकारीका अनुसार विभाग मातहतमा हाल एक हजारभन्दा बढी पुल निर्माणाधीन अवस्थामा भएको र पर्याप्त बजेट अभावमा समस्या भइरहेको छ । उहाँले पुल निर्माण जति वर्षमा पूरा हुने हो सोही अनुसार बजेट बिनियोजन गर्नुपर्ने बताउनुभयो ।

"निर्माण सम्पन्न भएका पुलको हकमा भुक्तानी दिन रकम अभाव हुने र बचत भएमा रकमान्तर गरेर दिने गरिएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म जहाँ बचत छ रकमान्तर गरेर र जहाँ कम छ त्यहाँ अर्थ मन्त्रालयले थप निकास गरेर भुक्तानी भइरहेको छ ।" गत आवमा विभागले दुई सय ८२ सडक पुल सम्पन्न गरेको थियो । तीन सय पुल सम्पन्न गर्ने लक्ष्य लिइएकामा प्रगति ९४ प्रतिशत रहेको थियो ।

# सन्तानब्बे सशस्त्र प्रहरी उपरीक्षकको सरुवा

काठमाडौँ, ६ माघ (रासस) ।

सशस्त्र प्रहरी बल नेपालले ९७ सशस्त्र प्रहरी उपरीक्षक (एसपी)को सरुवा गरेको छ ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले पदबहाली गरेसँगै घोषणा गरेको सरुवा प्रणालीलाई पूर्वानुमान योग्य बनाइने नीतिअनुसार बिहीबार सशस्त्र प्रहरी उपरीक्षकहरुको सरुवा गरिएको हो । सरुवासँगै सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरीमा कार्यरत राजेश उप्रेतीलाई सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा सरुवा गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं १० गण हेडक्वाटर सर्लाहीमा कार्यरत भरत खनियाँलाई सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीमा, सशस्त्र प्रहरी बल नेपाल नं ११ गण हेडक्वाटर रौतहटमा कार्यरत धुब्रबहादुर कार्कीलाई राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सिंहदरबारमा सरुवा गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा कार्यरत रमेशकुमार पाण्डेलाई सशस्त्र प्रहरी बल कमाण्ड तथा स्टाफ कलेज काठमाडौँ, सशस्त्र प्रहरी बल नेपाल युएन शान्ति स्थापना तालिम शिक्षालय ककनीमा कार्यरत तीर्थराज पौडेललाई सशस्त्र प्रहरी बल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीमा सरुवा गरिएको छ ।

सशस्त्र प्रहरी बलका प्रवक्ता, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पुरुषोत्तम थापाले जिम्मेवार प्राप्त नगरेका सशस्त्र प्रहरी उपरीक्षकलाई पहिलो प्राथमिकतामा राखेर सरुवा गरिएको जानकारी दिनुभयो । "एकपटक पनि कमाण्डको जिम्मेवारी नपाएकालाई पहिलो प्राथमिकतामा, रिजर्भ गण र तालिम शिक्षालयमा काम गरेकालाई दोस्रो प्राथमिकतामा, विगतमा मुख्य गणमा कमाण्ड गरेकालाई तेस्रो प्राथमिकतामा राखेर सरुवा गरेका छौँ", उहाँले भन्नुभयो ।

एकमात्र कमाण्ड गरी हाल कमाण्डमा रहेका सशस्त्र प्रहरी उपरीक्षकलाई कमाण्ड अवधि पूरा नभएसम्म कमाण्डमा रहने गरी सरुवा गरिएको प्रवक्ता थापाले बताउनुभयो । विगतमा सशस्त्र प्रहरी बल नेपालले पूर्वानुमान सूचीमै आधारित रही सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी), सशस्त्र प्रहरी निरीक्षक (इन्स्पेक्टर) सरुवा प्रणालीसमेत कार्यान्वयन गरिसकेको जनाएको छ । आगामी दिनमा पनि सरुवा तथा बढुवा सूचीलाई अझ परिमार्जन र परिस्कृत गरी पूर्वानुमान प्रणालीलाई अझ प्रभावकारीरूपमा कार्यान्वयन गर्दै लैजाने प्रवक्ता थापाले बताउनुभयो ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँपालिका, सप्तरी**

# उखुको समर्थन मूल्य सच्याउन माग

सर्लाही, ६ माघ (रासस) ।
सरकारले निर्धारण गरेको उखुको समर्थन मूल्यलाई सच्याउन जिल्लाका उखु उत्पादक किसानले माग गरेका छन् । सरकारले उखु उत्पादक किसानको लागत तथा उत्पादनलाई आधार मानेर उखुको समर्थन मूल्य तोकेको बताए पनि यसबाट आफूलाई फाइदा नहुने उनीहरूले जनाएका छन् ।

उखु क्रसिङको सिजन सुरु भएको निकै समयपछि सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल रु ६ सय १० तोकेको छ । यो मूल्यमा उद्योगले रु पाँच सय ४० र सरकारले ढुवानी खर्चबापत रु ७० अनुदान दिने जनाएको छ ।

सकारले तोकेको उखुको समर्थन मूल्यले जिल्लाका उखु उत्पादक किसानहरूलाई फाइदा नरहेको उखु उत्पादक किसान मीनबहादुर मगरले बताउनुभयो । गत वर्षभन्दा यस वर्ष धेरै महँगी बढे पनि उखु उत्पादक किसानहरूको उखुको मूल्य त्यसअनुसार नबढेको उहाँले बताउनुभयो । उहाँका अनुसार "उखु उत्पादन गर्दा लाग्ने ज्याला बढेको छ, मलखाद, बीउ–बिजन, श्रमिक र चिनीको समेत मूल्य बढेको र अहिले सरकारले तोकेको समर्थन मूल्यले खेत जोतेको पैसा पनि उठ्दैन ।"

यस आर्थिक वर्षको उखुको समर्थन मूल्य जिल्लाका उखु उत्पादक किसानहरु विरुद्ध रहेको अर्का किसान उखु उत्पादक किसान कपिल महतोले बताउनुभयो । "राज्यले तय गरेको समर्थन मूल्य र उखु उत्पादक किसानहरूको लागत आकास जमिनको फरक रहेको" उहाँले गुनासो गर्नुभयो ।

लागत लगातार बढ्दै जाँदा तोकिएको उखुको समर्थन मूल्यले लागतसमेत नउठ्ने भएपछि जिल्लाका उखु उत्पादक किसानहरू उखुको विकल्प खेतीतर्फ लाग्नुपर्ने बाध्यता आएको अर्का उखु उत्पादक किसान श्रीधर रायले बताउनुभयो । जिल्लामा देशभरिमा सबैभन्दा धेरै उखु खेती हुने गरेको भए पनि पछिल्ला केही वर्ष यता लगातार उखु उत्पादन घट्दै गएको चिनी उद्योगहरूको तथ्याङ्कमा उल्लेख छ । उखु उत्पादन घट्दै जानु उखु उत्पादक किसानहरूको लागतअनुसार मूल्य नपाउँदा गर्नु परेको आन्दोलन मुख्य कारण रहेको उखु उत्पादक किसान अगुवा एवम् नेपाल उखु उत्पादक सङघका अध्यक्ष राजकुमार उप्रेतीले बताउनुभयो । "राज्यसँग सडक आन्दोलनबाट सङ्घर्ष गर्न नसक्ने भएपछि जिल्लाका उखु उत्पादक किसानहरू उखु खेतीबाट पलायन हुनुपरेको छ, जसका कारण जिल्लामा उखु उत्पादन घटेको", उहाँले भन्नुभयो ।

उहाँका अनुसार समयमा उखुको भुक्तानी नपाउनेदेखि उखुको उपयुक्त मूल्य नपाउने सम्मको दुःख जिल्लाका उखु उत्पादक किसानहरूले भोग्नुपरेको छ । "उखु क्रसिङ सिजनमा उद्योगहरूले विद्युत् पनि बाहिर बेच्ने र त्यस बापतको रकम उखु उत्पादक किसानहरूलाई उद्योगले दिनुपर्नेमा अहिलेसम्म कति रकम किसानहरूले पाउने भन्ने यकिनसमेत नभएको र अहिलेसम्म त्यसबापतको कुनै पनि रकम जिल्लाका उखु उत्पादक किसानहरूले नपाएका" अध्यक्ष उप्रेतीले भन्नुभयो ।

सरकारले तय गरेको उखुको समर्थन मूल्य किसानहरूलाई मान्य नहुने नेपाल उखु किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो । सरकारले उखु उत्पादक किसानहरूलाई बेवास्ता गरेर उखुको समर्थन मूल्य निर्धारण गरेको उहाँको आरोप छ ।

सरकारका प्रतिनिधि र उद्योगीले आफूखुसी पटक–पटक जिल्लाका उखु उत्पादक किसानहरूको लागत र त्यसबाट उत्पादन हुने चिनीजन्य पदार्थको मूल्यलाई समेत समायोजन गरेर उखुको वैज्ञानिक आधारमा समर्थन मूल्य तोक्न गरेको र त्यस जिल्लाका उखु उत्पादक किसानहरूको लागतका आधारमा आफूहरूले मूल्य निर्धारण गर्ने गरेको आग्रह सरकारका प्रतिनिधि र उद्योगीले नसुनेको अध्यक्ष मैनालीले गुनासो गर्नुभयो । यसबाट जिल्लाका उखु उत्पादक किसानहरू प्रत्यक्ष मारमा परेका उहाँको भनाइ छ ।

सरकारले तोकेको समर्थन मूल्यमा जिल्लाका उखु उत्पादक किसानहरूसँग उखु खरिद गर्न तयार रहेको उद्योगीहरूले बताएका छन् । बुधबार सरकारले सार्वजनिक गरेको उखुको समर्थन मूल्यले जिल्लाका उखु उत्पादक किसानहरूलाई समेत राहत पुग्ने उद्योगहरूको दाबी छ ।

उद्योगले रु पाँच सय ४० र सरकारका तर्फबाट ढुवानीबापत रु ७० अनुदान दिएपछि जिल्लाका उखु उत्पादक किसानहरूलाई उखु खेतीबाट आम्दानी गर्ने वातावरण सृजना भएको इन्दुशङ्कर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताउनुभयो । तर उखुको उत्पादनबाट लागतसमेत उठ्न छाडेपछि जिल्लाका उखु उत्पादक किसानहरू लगातार अन्य बालीतर्फ आकर्षित हुन थालेका छन् ।

हजारौं हेक्टर क्षेत्रफलमा लाखौं क्विन्टल उखु उत्पादन हुने गरेको जिल्लामा केही वर्षयता उद्योगहरूले पर्याप्त उखु पाउन छाडेका छन् । तीन उद्योग रहेको जिल्लामा गत सिजन उखु नपाउँदा उद्योगहरूले मुस्किलले एक महिना उखु क्रसिङ गरेका थिए ।

यसअघि १९ हजार बिघा क्षेत्रफलमा उत्पादन हुँदै आएको उखु बर्सेनि भारी मात्रामा गिरावट हुँदै आएको कृषि ज्ञान केन्द्र सर्लाहीको तथ्याङ्कले देखाएको छ । जिल्लाको हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योग, बग्दहमा रहेको महालक्ष्मी चिनी उद्योग र धनकौलमा रहेको अन्नपूर्ण चिनी उद्योग सञ्चालनमा छन् ।

आर्थिक वर्ष २०७४/७५ को कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार जिल्लामा एक करोड लाख क्विन्टल उखु उत्पादन भएको थियो । त्यसयता लगातार उखु उत्पादन घट्दै गएको कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताउनुभयो । उहाँका अनुसार उखु उत्पादक किसानहरूको लागतसमेत उठ्न छाडेकाले जिल्लाका उखु उत्पादक किसानहरू उखु खेती छाडी अन्य खेतीतर्फ आकर्षित हुँदा उखु उत्पादन घटेको हो ।

# अस्पताल व्यवस्थापनमा सम्बन्धित विज्ञ नै राख्न सुझाव

काठमाडौं, ६ माघ (रासस) ।
अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा व्यवस्थापनका क्षेत्रमा सम्बन्धित विज्ञलाई जिम्मेवारी दिँदा उत्पादकत्वमा वृद्धि हुने यस क्षेत्रका जानकारहरूको भनाइ छ । नेपाल स्वास्थ्य सेवा व्यवस्थापक सङ्घले शुक्रबार यहाँ आयोजना गरेको 'स्वास्थ्य सेवा व्यवस्थापनमा बहुक्षेत्रीय दृष्टिकोण' विषयक सम्मेलनमा उहाँहरूले सम्बन्धित विज्ञको व्यवस्थापनबाट नै स्वास्थ्य सेवालाई प्रभाकावरी बनाउन सकिनेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले व्यवस्थापन क्षेत्रका अब्बल जनशक्तिको परिणाममुखी कामबाट नै स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबै जनतालाई सहज र सुलभ स्वास्थ्य सेवा प्रदान गर्ने सन्दर्भमा सरकार र निजी क्षेत्रको समन्वय आवश्यक रहेकामा जोड दिनुभयो ।

नेपाल मेडिसिटी अस्पतालका अध्यक्ष उपेन्द्र महतोले पर्यटनको विकासका लागि नेपालमा पर्यटनका सम्भावना रहेको उल्लेख गर्दै नेपाली नागरिकमा रहेको सेवाभावलाई अवसर ठानेर नेपाललाई स्वास्थ्य क्षेत्रको हबका रूपमा समेत विकास गर्न सकिने धारणा व्यक्त गर्नुभयो । साथै उहाँले निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्थाप्रति नबुझेर केही नकारात्मक टिप्पणी हुने गरेको गुनासो गर्दै वास्तविकता त्यस्तो नभएको स्पष्ट पार्नुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति तथा अनुगमन महाशाखाका प्रमुख डा कृष्ण पौडेलले सरकारले अस्पताल तथा स्वास्थ्य केन्द्रको व्यवस्थापनमा सम्बन्धित विज्ञ नै माग गर्न सुरु गरिसकेको जानकारी गराउनुभयो । साथै उहाँले जनतालाई सहज र सुलभ स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य क्षेत्रको सुधार तथा व्यवस्थापन गर्ने उद्देश्यले 'राष्ट्रिय स्वास्थ्य वित्त रणनीति' तयार गरेको समेत बताउनुभयो ।

सङ्घका अध्यक्ष महेन्द्रराज भुसालले सङ्घ कुनै कसैका विरुद्ध नभई यस क्षेत्रलाई थप चुस्त बनाउने उद्देश्यले स्थापना भएको बताउनुभयो । साथै उहाँले निजी क्षेत्रका अस्पतालमा व्यवस्थापन अध्ययन गरेका जनशक्तिले राम्रो काम गरिरहेको उल्लेख गर्दै यसलाई सरकारी निकायमा पनि थप विस्तार गर्नुपर्ने सुझाव दिनुभयो ।

नेसनल ओपन कलेजका निवर्तमान प्रिन्सिपल दिवाकर वशिष्ठले अस्पताल व्यवस्थापन विषय अध्ययनको अवस्था र सम्भावनाबारे प्रकाश पार्दै अस्पतालमा यस क्षेत्रको विज्ञको जिम्मेवारीले नै स्वास्थ्य सेवाको उत्पादकत्वमा वृद्धि हुने धारणा व्यक्त गर्नुभयो । उद्घाटनपछिका विभिन्न सत्रमा 'स्वास्थ्य सेवा व्यवस्थापनमा बहुक्षेत्रीय दृष्टिकोण'का कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# मिटरब्याजी समस्या समाधान गर्छु : प्रधानमन्त्री

काठमाडौं, ६ माघ (रासस) ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मिटरब्याजी समस्या समाधानका लागि आफूले यथाशीघ्र पहल गर्ने बताउनुभएको छ ।

गाउँ तथा सहर जताततै मिटरब्याजीका कारण कमजोर आय भएका नागरिक नराम्ररी पासोमा परेको भन्दै शुक्रबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा मिटरब्याजी समस्याबाट पीडित किसानसँग प्रधानमन्त्री दाहालले भेट गर्नुभएको हो । पीडित किसानसँगको भेटमा प्रधानमन्त्रीले यस समस्यालाई आफूले समाधान गर्ने विश्वास दिलाउनुभएको हो ।

प्रधानमन्त्रीले भन्नुभयो, "अघिल्लो सरकारसँग भएको सम्झौता हेर्छौं । मिटरब्याजी समस्याले हजारौं किसान पीडित हुनुभएको छ । यसलाई मैले राम्रोसँग बुझेको छु । यसपटक तपाईंहरूको समस्या समाधान गर्ने कुरा मेरो प्राथमिकतामा छ, म समाधान गर्छु ।"

प्रधानमन्त्रीसँग भेटमा किसानका प्रतिनिधिले वर्तमान सरकार किसानको प्रतिनिधि सरकार भएकाले आफूहरूका समस्या समाधान हुने विश्वास व्यक्त गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

## विश्व समाचार

### वायु प्रदूषणबाट इरानमा बर्सेनि बीस हजार बढीको मृत्यु

तेहरान, ६ माघ (रासस/सिन्ह्वा) ।
इरानमा वायु प्रदूषणबाट बर्सेनि २० हजार आठ सयको ज्यान जाने गरेको एकजना स्वास्थ्य अधिकारीले बताएका छन् । वायु प्रदूषणका कारण हुने रोगबाट त्यति धेरै मानिसको हरेक वर्ष मृत्यु हुने गरेको स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै इरानको अर्धसरकारी समाचार समिति तासनिमले जनाएको छ ।

तीन करोड ५० लाख जनसङ्ख्या भएको इरानका २७ वटा सहरमा गरिएको अध्ययनबाट ज्यान गुमाउनेको उक्त सङ्ख्या अनुमान गरिएको स्वास्थ्य मन्त्रालयका वायु स्वास्थ्य तथा जलवायु परिवर्तन विभागका प्रमुख अब्बास शासवानीले तासनिमलाई बताउनुभयो ।

वायु प्रदूषणका कारण हुने रोगबाट वार्षिक रूपमा १२/६ प्रतिशत मृत्यु हुने गरेको तथा वायु प्रदूषणकै कारण देशले आठ अर्ब २० करोड अमेरिकी डलर वार्षिक क्षति व्यहोर्नु परेको उहाँले बताउनुभयो । राजधानी तेहरानको वायु प्रदूषणको स्थितिबारे टिप्पणी गर्दै उहाँले एक वर्षमा उक्त सहरमा छ हजार चार सयले ज्यान गुमाएका जानकारी दिनुभयो । मृतकको उक्त सङ्ख्या सन् २०२२ को मार्च महिनासम्मको हो । इरानी पात्रोअनुसार मार्चमा वर्ष समाप्त हुन्छ ।

शासवानीका अनुसार पुराना मोटरकार र डिजेलबाट सञ्चालन हुने मोटरसाइकल तेहरानको वायु प्रदूषणका प्रमुख कारक हुन् । तेहरानका पचास प्रतिशत यातायातका साधन थोत्रा र पुराना छन् भने ९० प्रतिशत डिजेल मोटरसाइकलले वायु प्रदूषण बढाएका छन् । शिशिर यामको आगमनसँगै तेहरानलगायत देशका प्रमुख शहरको वायु प्रदूषण डरलाग्दो रूपमा बढ्ने गरेको छ जसले स्थानी बासिन्दाको स्वास्थ्यमा जोखिम बढाउने गरेको छ । इरानी तथा विदेशी विज्ञले लामो समयदेखि अमेरिकाले लगाएको नाकाबन्दी, धैरै पहिले नै सञ्चालन रोक्नुपर्ने पुराना सवारी साधन प्रयोग गर्नुपर्ने बाध्यात्मक परिस्थिति नै वायु प्रदूषणको डरलाग्दो कारण हो ।

विश्वका सर्वाधिक वायु प्रदूषण भएका शहरहरूमध्ये तेहरान एक हो । लामो समयदेखि लम्बिएको अमेरिकी नाकाबन्दीका कारण सर्वसाधारण थोत्रा र पुराना सवारीसाधन प्रयोग गर्न बाध्य भएका छन् । सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण गर्ने उपकरण र प्रविधि प्राप्त गर्न इरानका निम्ति असम्भव भएको गत महिना राष्ट्रसङ्घीय मानव अधिकार विज्ञको एक टोलीले घोषणा गरेको थियो ।

नाकाबन्दीका कारण इरानका वैज्ञानिक विदेशमा हुने वातावरणसम्बन्धी अध्ययन, अनुसन्धानका परियोजनामा सहभागी हुन पाएका छैनन् भने वातावरणीय विषय र त्यसको दिगोपन सुनिश्चित गर्ने तालिमबाट पनि उनीहरू वञ्चित छन् ।

### लाखौं फ्रान्सेली विरोध प्रदर्शनमा, सार्वजनकि सेवा ठप्प

पेरिस, ६ माघ (रासस/एपी) ।
निवृत्ति भरणको प्रस्तावित नयाँ नियम र अनिवार्य अवकाशमा जाने उमेरलाई बढाएको विरोधमा देशभर व्यापक विरोध प्रदर्शन भएको छ ।

आज १० लाख भन्दा बढी नागरिक जुलुसमा सहभागी भए भने केही प्रदर्शनकारी प्रहरीसँगको झडपमा व्यस्त रहे । देशव्यापी हडतालले सार्वजनिक यातायात, विद्यालय र सार्वजनिक सेवा प्रवाह गर्ने अधिकांश कार्यालयको काम अवरुद्ध भयो ।

गृह मन्त्रालयले १२ लाख जनता सडकमा उत्रिएका र राजधानी पेरिसमा ८० हजार मानिस विरोधमा खडा भएका बताए पनि कट्टर वामपन्थी युनियन सिजिटीले देशभर २० लाखभन्दा बढी सरकारविरुद्धको प्रदर्शनमा सहभागी भएका दाबी गरेको छ । पेरिसमा मात्र चार लाख प्रदर्शनकारी राष्ट्रपति म्याक्रोँको योजनाको विपक्षमा सडक आन्दोलनमा आएका बताएको छ ।

पेरिसको बास्टिल क्षेत्र वरपर, केही प्रदर्शनकारीले प्रहरीमाथि बोतल, खानेकुरा 'प्याक' गर्ने टिनका डिब्बाले प्रहार गरेका थिएभने प्रहरीले पनि ग्रिनेड र अश्रु ग्यास हानेर उनीहरूलाई तितरबितर पार्ने प्रयास गरेका थिए । बिहीबार प्रदर्शनकारीले रेल सेवा ठप्प पार्नका साथै विद्युत् आपूर्तिमा पनि अवरोध खडा गरेका थिए । युवा प्रदर्शनकारीको एक समूहले पूर्वी पेरिसको विशाल नेसन प्लाजामा सुरक्षा बलका जवानमाथि आक्रमण गरेका थिए भने धेरै साइकलमा आगो लगाउनका साथै बस स्टपमा तोडफोड गरेका थिए । हिंसात्मक गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीले ४४ जनालाई पक्राउ गरेको छ । लियोनबाछ पनि १७ जनालाई पनि गिरफ्तार गरिएको थियो ।

कर्मचारी सङ्घसङ्गठन र युनियनले निवृत्तिभरणमा गरिएको फेरबदलले कठिन सङ्घर्षबाट प्राप्त अधिकार गुम्ने, तलबमा गरिएको कर योगदानको प्रस्ताव अमान्य भएको बताउँदै आएका छन् । नयाँ निवृत्तिभरण प्रणालीबारे गरिएको एक सर्वेक्षणले पनि अधिकांश फ्रान्सेली नागरिक त्यसको विरोधमा रहेका देखाएको छ ।

# नमो बुद्धलाई मेयर कप फुटबलको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा संचालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगिताको उपाधी नमो बुद्ध फुटबल टिम मझौ सप्तरीले हात पारेको छ ।

प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न फइनलमा तालतलैया फुटबल टिम सुनसरीलाई ट्राइब्रेकरमा तीनका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै मझौले उपाधी हात पारेको हो ।

दोश्रो हाफको ५ औ मिनेटमा डिबक्स भित्र पाएको पेलान्टीलाई सदुपयोग गर्दै मझौका कृपा चौधरीले गोल गरी टिमलाई अग्रता दिलाएको थियो । २७ औ मिनेटमा तालतलैयाका बिष्णु बहादुर श्रेष्ठले गोल गरेपछि खेल बराबरीमा पुगेको थियो । त्यसपछि कुनै टिमले गोल गर्न नसकेपछि खेलको निर्णय ट्राईब्रेकरबाट लिएको थियो ।

उपाधीसँगै विजेता मझौ ले नगद ५५ हजार पाँच तथा ट्रफी हात परेको छ भने उपविजेता सुनसरीले नगद ४५ हजार पाँच र कपमा चित बुझाएको छ ।

प्रतियोगिता पश्चात् आयोजित समापन तथा पुरस्कार बितरण कार्यक्रममा शम्भुनाथ नगरपालिकाका नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता, उपप्रमुख अनिता कुमारी चौधरी, खडक नगरपालिकाका नगरप्रमुख जयप्रकाश चौधरी लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाद्वारा गत पुस २४ गते देखि संचालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको थियो ।

# भैंसीको बच्चासहित पिकअप प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

राजबिराज नगरपालिका वडा नं. ६ सखडा मोडमा भारतबाट भन्सार छलेर भैंसीको बच्चासहित पिकअप भ्यान प्रहरीले नियन्त्रणमा लिएको छ ।

को.१च.६५८ नं. को महिन्द्रा पिकअप गाडीमा दुई वटा बच्चासहितको भैसी लोड गरी ल्याउँदै गरेको अवस्थामा चेकिङ टोलीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले पिकअपका चालक सिरहाको धनगढीमाई नगरपालिका वडा नं. ९ मुसहरनियाका गगन प्रकाश महतो समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी शुक्रबार राजबिराज भंसार कार्यालय तिलाठी पठाइएको जनाएको छ ।

### पालिका प्रमुख,...

नआएकोले काममा ढिलाई भएको प्रतिक्रिया दिएका छन् ।

उनले न्यानो कपडा बितरण कार्य शुक्रवारबाट शुरु भईसकेको बताउदै करार र अन्य काम चाँडै प्रारम्भ हुने बताए । आफु केही समयदेखि बिरामी भएको कारण पालिका आउन नसकेको र निको भएपछि मात्र नियमित पालिका जाने जानकारी दिदै प्रमुख प्रशासकीय अधिकृत यादवको सिरहा नगरपालिकामा सरुवा भईसकेको जानकारी समेत दिए ।

# गीताको नेपाली अनुवाद निःशुल्क वितरण गर्ने महाअभियान सुरु

काठमाडौं, ६ माघ (रासस) ।

एक करोड मानिसलाई श्रीमद्भागवद् गीता ग्रन्थको नेपाली भावानुवाद छापेर निःशुल्क वितरण गर्ने महाअभियान सुरु भएको छ । तीन महिनाअघिदेखि यो महाअभियान सुरु भएको हो ।

सालिकराम उपाध्याय घिमिरेको संयोजकत्वमा प्रकाशन समिति गठन गरेर एक करोड गीतादान महाअभियान सुरु गरिएको अभियानकर्मी एवं नेपाल सरकारका पूर्वसहसचिव डा बद्री पोखरेलले राससलाई जानकारी दिनुभयो । पहिलो संस्करणमा २१ हजार प्रति गीता छापिएको छ ।

विभिन्न देशको यात्राका क्रममा क्रिश्चियनका हातमा 'बाइबल', मुस्लिमका हातमा 'कुरान' देखेपछि नेपाली भाषी हिन्दूका हातमा गीता होस् भनेर यो महाअभियान सुरु गरिएको जयतु संस्कृतम् संस्थाको अध्यक्षसमेत रहनुभएका पोखरेलले बताउनुभयो ।

गीतालाई अङ्ग्रेजी भाषामा पनि श्लोकपिच्छे भावानुवाद गरेर प्रकाशन गर्ने तयारी गरिएकोसमितिले जनाएको छ ।

महाअभियानका लागि सहयोग गर्न चाहने दाताबाट सहयोग लिई नसक्नेका लागि निःशुल्क गीतादान गरिनेछ । हालमहाअभियानमा १८ जना सहभागी हुनुहुन्छ ।

### मोटरसाइकल दुर्घटनामा ...

१२ डेरा पोखरीस्थित हुलाकी राजमार्ग सडक खण्डमा प्रदेश नं.२-०१-००२ प ५०५२ नं.को मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं. ७ बिष्णुपुर टोल निवासी ४७ वर्षिय मात्रिका प्रसाद यादवको मृत्यु भएको हो ।

दुर्घटना पश्चात् यादव लडी रहेको अवस्थामा प्रहरीले फेला पारी उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज पठाउँदा चिकित्सकले मृत घोषित गरेको थियो ।

यसैबीच प्रहरीले घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य गरिहेरको जनाएको छ ।


**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं।**

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा निःशुल्क रुपमा दर्ता गर्न सकिन्छ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*